# मिथिलाको पत्रकारितामा द्वन्द्वका कारणहरू

तुलानारायण साह

मिथिला क्षेत्रमा पत्रकारिताको सुरुआत २००९ सालदेखि भएको हो। यद्यपि अन्यत्रझैँ वि.सं. २०४६ पछि नै यहाँको पत्रकारिताले पखेटा फिजाउन पायो। प्रजातन्त्रको पुनर्स्थापनापछि धनुषा जिल्ला प्रशासन कार्यालयमा १५३ ओटा र सप्तरी जिल्ला प्रशासन कार्यालयमा ५३ ओटा पत्रिका दर्ता भएका छन्। पत्रकार रामभरोस कापडीका अनुसार प्रजातन्त्रको पुनर्स्थापनापछि जनकपुर क्षेत्रमा पत्रिका र पत्रकारको सङ्ख्यामा मात्र वृद्धि भएन, पत्रकारिताको माहौल पनि सहज बन्यो।[१] राजा ज्ञानेन्द्रले कू गर्नुअघिसम्मको मिथिला क्षेत्रको पत्रकारिताको अवधिलाई सम्पूर्ण रूपमा स्वर्णकाल मान्छन्, पत्रकार कापडी।

जनकपुर (धनुषा जिल्ला) को पत्रकारिताजस्तै प्रजातन्त्र पुनर्स्थापनापछि राजविराज (सप्तरी जिल्ला) को पत्रकारितामा पनि प्रगति देखिएको छ। सप्तरीमा त्यस अवधिको पत्रकारिताको महत्त्वपूर्ण पक्ष भनेको व्यावसायिक तवरले पत्रकारितामा लगानीको सुरुआत हुनु हो। *राजविराज टुडे* (हाल *न्यूज टुडे*) नामक पत्रिकाको प्रकाशनमा यस्तो प्रयास थालिएको छ।

अहिले (२०६६ जेठमा) जनकपुरमा पाँच ओटा एफएम रेडियो सञ्चालनमा छन् भने राजविराजमा दुई ओटा। नियमित प्रकाशनमा रहेका दैनिकहरू जनकपुरमा

[१] कापडीसँगको कुराकानी।

पाँच ओटा तथा राजविराजमा चार ओटा छन् । जनकपुरको तुलनामा राजविराज बजार सानो हो तापनि पत्रकारिताको हिसाबले जनकपुरभन्दा राजविराज अगाडि रहेको ती दुवै ठाउँको पत्रिका तुलना गर्दा थाहा हुन्छ । यसप्रकार जनकपुर र राजविराजको पत्रकारिता उल्लेख्य विस्तार र प्रगतिको बाटोतर्फ लम्केको जस्तो देखिन्छ । तर यसका नकारात्मक पक्ष पनि उत्तिकै छन् । पत्रकारिताले जेजति गर्न सक्थ्यो त्यो गर्न नसकेको गुनासो स्वयं पत्रकारहरूबाट सुन्न पाइन्छ । तर यहाँ ती अनेकथरी कमी कमजोरीको लेखाजोखा छैन । यो आलेखमा मिथिलामा विद्यमान द्वन्द्व र पत्रकारको असुरक्षाबारे मात्र लेखाजोखा गरिएको छ । यहाँ यस क्षेत्रको पत्रकारिता र सामाजिक द्वन्द्वबीचको सम्बन्धलाई उदाहरणसहित चिरफार गरिएको छ । यो लेख मिथिला क्षेत्रको पत्रकारिताको सेरोफेरोमा केन्द्रित रहे पनि यस क्षेत्रका सबै जिल्लाहरूलाई समेटिएको छैन । मिथिलाको मुटु मानिने जनकपुर (धनुषा जिल्ला) र राजविराज (सप्तरी जिल्ला) लाई मात्र यहाँ समेटिएको छ ।

यस क्षेत्रमा पत्रकारमाथि भौतिक आक्रमण भएका घटना अनेकौँ छन् । जनकपुरकी पत्रकार उमा सिंहको २०६५ पुस २७ (११ जनवरी २००९) का दिन हत्या भयो । उनको हत्या भएकै दिन जनकपुरकै अर्की पत्रकार मनिका झालाई पनि अज्ञात समूहले ज्यान मार्ने धम्की दिएको थियो । त्यसै ताका सिरहाका पत्रकार राजेश वर्मालाई पनि उमा सिंहको हत्या गर्ने समूहले नै ज्यान मार्ने धम्की दिएको थियो । राजविराजका पत्रकार जितेन्द्र खड्गालाई पनि जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति) समूहबाट ज्यान मार्ने धम्की आएको समाचार प्रकाशमा आयो ।

उमा सिंहको हत्यापछि नेपाल पत्रकार महासङ्घले विभिन्न मिसन टोलीहरू तराई क्षेत्रमा पठायो । अन्तर्राष्ट्रिय पत्रकार महासङ्घ (आईएफजे) को विशेष टोली पनि जनकपुर भ्रमण गरेर उमा सिंह हत्याबारे एउटा प्रतिवेदन सार्वजानिक गरेको छ । २००९ मार्च १२ मा सार्वजनिक गरिएको उक्त प्रतिवेदनअनुसार उमा सिंहको हत्या उनको लेखाइ एवं बोलाइको कारण भएको ठहर गरेको छ । प्रतिवेदनले त्यस क्षेत्रमा पत्रकारहरूको ज्यान अहिले पनि जोखिममै रहेको र महिला पत्रकारहरू झन् बढी जोखिममा परिराखेको उल्लेख छ (आईएफजे सन् २००९) ।

उमा सिंहको हत्याअघि पनि यहाँका पत्रकारमाथि भौतिक आक्रमण भएका थिए । एक अध्ययनअनुसार मधेस विद्रोह ताका २०६३ माघ १ देखि २४ सम्ममा पूर्वी तथा मध्य तराईका जिल्लाहरूमा १९ जना पत्रकारमाथि आक्रमण भएको थियो । पत्रकार महासङ्घका पाँच कार्यालय र सञ्चार संस्थाहरूमा तोडफोड भएको थियो । २३ जना पत्रकारले गम्भीर खालका धम्की र दुर्व्यवहारको सामना गर्नुपरेको थियो । १९ पत्रकारलाई कार्यस्थल छाड्न बाध्य बनाइएको थियो । ५३ ओटा

प्रकाशन बन्द गरिएका थिए भने सञ्चार संस्थाका १२ ओटा सवारी साधन तोडफोड गरिएको थियो (घले सन् २००७)। उल्लिखित तथ्याङ्क केवल मधेस आन्दोलनको क्रममा भएका घटनाहरू हुन्। बाराका पत्रकार वीरेन्द्र साहको हत्या भएदेखि नै यहाँको पत्रकारिता चर्चामा आएको थियो। त्यस हत्यापछि नै पत्रकारहरूमाथि यस्ता विभिन्नखाले धम्की आउने क्रम बढेको हो। जनकपुरका सञ्चार उद्यमी अरूण सिङ्घानियाको हत्या त्यसको पछिल्लो उत्कर्ष हो। उनको हत्या २०६६ फागुन १७ मा जनकपुरको बीच बजारमा भएको थियो। यस हत्याकाण्डको विषयलाई लिएर धनुषा र महोत्तरीका पत्रकारहरूको बैठक बसिरहेकै बेलामा अर्जुनसिंह नाम बताउने एक व्यक्तिले अज्ञात नम्बरबाट फोन गरेर *जनकपुर टुडे*का सम्पादक वृजकुमार यादव र रामानन्द युवा क्लबका निवर्तमान अध्यक्ष जीवनाथ चौधरीलाई सात दिनभित्र हत्या गर्ने धम्की दिएको थियो (उप्रेती २०६६)। यस क्षेत्रमा यस्ता हत्याका धम्की आउने क्रम घटेको छैन, बरु दिनप्रतिदिन बढ्दै गइरहेको छ।

मिथिला क्षेत्रको पत्रकारितामा द्वन्द्वको प्रभावबारे विश्लेषण गर्न कठिन छ। तर मिथिला क्षेत्रको पत्रकारितामा बाह्य द्वन्द्व (अर्थात् सामाजिक एवं राजनीतिक बीचको द्वन्द्व) र अन्तर्द्वन्द्व (अर्थात् पत्रकार-पत्रकार बीचको द्वन्द्व) को विश्लेषण जरुरी छ। यहाँको सामाजिक संरचनामा जातिवादी सामन्ती सोच हाबी छ। श्रेणीबद्ध जातीय विभाजन रहेको यस समाजमा जमिनदारी प्रथा एवं धार्मिक कट्टरताले जरो गाडेको छ। त्यसै कारण पनि मिथिला क्षेत्रमा देखिने गरेको सामाजिक द्वन्द्वका धेरैजसो घटनाहरू त्यहाँको जमीनको विवादसँग जोडिएका हुन्छन्। जमीन माथिको स्वामित्वको जटिल अवस्था देखिने मिथिलामा द्वन्द्वको कारण पनि प्रमुख रूपमा जग्गा जमीनको विवादबाट सुरु हुन्छ। मिथिला क्षेत्रको अड्डा, अदालतमा जग्गा, मन्दिर, पोखरीमा अंशसम्बन्धी विवादहरू अत्यधिक मात्रामा छन्। तर प्रश्न उठ्छ, उक्त विवादमा पत्रकारिता कहाँनिर जोडिन्छ त ?

विवाद भएको ठाउँमा प्रशासनिक निकायहरूले मध्यस्थता गर्ने भूमिका पाउने हुनाले आर्थिक लेनदेनको सम्भावना पनि हुन्छ। त्यस्तो अवस्थामा हुन सक्ने भ्रष्टाचारको खोजविन गर्दा कतिपय पत्रकारहरू आक्रमण र धम्कीको सिकार भएका उदाहरण छन्। जनकपुरका पत्रकार राजेश्वर नेपाली, मनोज साहहरूले मठ मन्दिरको जग्गा हडप्ने काण्डको खोजमूलक समाचार लेख्दा विगतमा पनि विभिन्न प्रकारका धम्की र भौतिक आक्रमणको निसाना बनेका थिए। त्यस्तै जग्गा विवाद र सम्पत्तिकै बाँडफाँटको कारण पत्रकार उमा सिंहको हत्या भएको प्रहरीको दाबी छ।

यस क्षेत्रको पत्रकारहरूसँग प्रहरी प्रशासनको बडो अनौठो सम्बन्ध हुने गर्दछ । भ्रष्ट प्रहरी प्रशासनको आम्दानीको मुख्य स्रोत भनेकै गैरकानूनी कारोवार गर्ने व्यक्तिहरू हुन्छन् । तिनीहरूको साँठगाँठलाई समाचार बनाउनेबित्तिकै पत्रकारहरू आपराधिक समूह एवं प्रहरी प्रशासन दुवैको निसानामा परिहाल्दा रहेछन् । केही पत्रकारले यस्तो साँठगाँठमा आफूलाई पनि संलग्न गराई आर्थिक लाभ आर्जन समेत गर्दा रहेछन् ।

तसर्थ पत्रकारलाई आएका विभिन्न प्रकारका चेतावनी र धम्की पछाडि उनीहरूको लेखनी मात्रै जिम्मेवार छैन त्यसका अरू कारण पनि जिम्मेवार छन् । सरसर्ती हेर्दा यी विभिन्न घटनाहरूको प्रवृत्ति एउटै प्रकारको देखिए पनि कारण फरकफरक छन् । यी कारणमा पत्रकारिता इतरका सम्बन्धहरू पनि जोडिएर आउँछन् । यस क्षेत्रमा पत्रकारहरू असुरक्षित हुनुका कारणहरूलाई केही उदाहरणसहित यहाँ प्रस्तुत गरिएको छ :

## जग्गा जमिनको विवाद, पारिवारिक झगडा र रिसइबी

मिथिला क्षेत्रको समाज सम्पत्ति बाँडफाँट, जग्गा विवादका कारण धेरै पहिलेदेखि द्वन्द्वग्रस्त थियो । पञ्चायतकालमा पनि जग्गा विवादका कारण यहाँका विभिन्न जिल्लाहरूमा हत्या, कुटपिट एवं लुटपाट हुने गर्थ्यो । सप्तरी, सिरहामा मोही जग्गाको विवादको कारण वर्षेनि सैयौं मुद्दा दर्ता हुन्थे र एक दुई हत्या समेत हुन्थे । भूमिसुधार कार्यालय सप्तरीका अनुसार वि.सं. २०४५ देखि २०६६ वैशाख मसान्तसम्ममा ३,५८८ मुद्दा मोही, नामसारी, कुतवालीसम्बन्धी विवादका कारण दर्ता भएका छन् । लगभग २ हजारको सङ्ख्यामा जग्गा बाँडफाँटसँग सम्बन्धित मुद्दा दर्ता भएको देखिन्छ । त्यस्तै जिल्ला अदालत सप्तरीको तथ्याङ्कअनुसार विगत दस महिना (२०६५ साउन देखि २०६५ चैतसम्म) जम्मा २,२६३ मुद्दा दर्ता भएका छन् । त्यसमध्ये देवानी १,७३० र फौजदारी ५३३ छन् (साह २०६६) । त्यस्तै धनुषा महोत्तरी क्षेत्रमा पनि जग्गा बाँडफाँट, सम्पति बाँडफाँट र पोखरीको आम्दानी बाँडफाँटमा विवाद हुँदा वर्षेनि सैयौं मुद्दा र केही हत्याका घटनाहरू हुने नै गर्थे । धनुषा महोत्तरी क्षेत्रमा सयौंको सङ्ख्यामा रहेका मठ मन्दिरहरूको जग्गा र त्यसका महन्तहरू बीचको झमेला त्यस क्षेत्रको सामाजिक द्वन्द्वको प्रमुख कारणमध्ये एक हो । उल्लिखित सामाजिक जटिलताहरूकै सेरोफेरोमा अधिकांश हत्या, अपहरण हुने गर्थे (साह २०६६) ।

त्यस्तै खालको सामाजिक द्वन्द्वको सिकार भएकी हुन् पत्रकार उमा सिंह पनि । २०६५ पुस २७ गते जनकपुरमा उनको हत्या भएको थियो । माओवादी

युद्धकालमै उनका बुवा एवं दाजुलाई माओवादीले अपहरण गरेको थियो। उनीहरूको हत्या भइसकेको अनुमान गरिन्छ। त्यसपश्चात् उमा सिंहकी भाउजू ललिता सिंहले सम्पूर्ण सम्पत्ति आफ्नो नाममा पार्ने प्रयासमा लागेको देखिन्छ। तर उमा सिंहकी आमा सुशीला सिंह र भाउजू ललिता सिंहबीच अंशवण्डा भइसकेपछि आमाले आफ्नो नाममा रहेको सिरहाको हुर्मी बजारको १२ कट्ठा जग्गा छोरी उमा सिंहको नाममा पास गराइदिएकी थिइन्। उमाकी भाउजू ललितालाई सो कुरा असह्य भएको थियो। फेरि केही दिनमै उमाको विवाह हुने पनि पक्का भइसकेको थियो। विवाहपछि सम्पत्ति फर्काउन नमिल्ने भएकोले उनको भाउजूले हत्या गराएको प्रहरीको दाबी छ। जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार उमाको हत्याको भोलिपल्ट पुस २८ मा 'तराई एकता परिषद्' नामक भूमिगत सङ्गठनका स्वामी यादवले हत्याको जिम्मा लिएका थिए। तर उनीद्वारा जारी प्रेस विज्ञप्तिमा भ्रष्टाचारीलाई कारबाही गर्न गएको बेला भूलवश उमाको हत्या हुन पुगेको उल्लेख थियो।[२]

आमा सुशीला सिंहले २०६५ माघ १२ गते जिल्ला प्रहरी कार्यालय, धनुषामा ७ जनाको नाममा किटानी जाहेरी दिएकी थिइन्। जिल्ला प्रहरी कार्यालयको रेकर्डअनुसार भारतको सीतामढी निवासी बैजनाथ सिंह, धनञ्जय सिंह, अजय सिंह र नेपालको सिरहा महेशपुर निवासी ललिता सिंह, अभिशेष सिंह, श्रवणकुमार यादव र उमेशकुमार यादवको नाममा मात्र किटानी जाहेरी परेको छ। उमाकी आमा सुशीलाले जाहेरीमा कहीँ कतै पत्रकारिताको कारण आफ्नो छोरीको हत्या भएको उल्लेख गरेकी छैनन्। किटानी जाहेरीमा उल्लेख भएका नामहरूमा बैजनाथ सिंह ललिताका बुवा हुन् भने धनञ्जय र अजय चाहिँ उनका दाजुहरू हुन्। ललिताको माइत भारतको सीतामढी हो र विवाह भएको घर चाहिँ सिरहा महेशपुर हो। ललिता आफ्ना एकमात्र छोरा अभिशेष सिंहसँग बस्दै आएकी थिइन्। प्रहरीका अनुसार ललिता र श्रवण यादवबीच निकट सम्बन्ध थियो र श्रवणले नै स्वामी यादवलाई प्रयोग गरेर ललिताको लागि उमाको हत्या गराएका हुन्। हत्या गरेबापत स्वामी यादवले जम्मा १ लाख ७५ हजार रुपियाँ पाउने सहमति भएको थियो, जसमध्ये २५ हजार रुपियाँ त दिइसकिएको पनि थियो।

उक्त काण्डमा आरोपित ललिता सिंह, श्रवण यादव र नेमलाल पासवान (जाहेरीमा नाम किटानी नगरिएको भए तापनि प्रहरी अनुसन्धानबाट दोषी

---

२ यो र यसपछिका दुई अनुच्छेद जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी उमाप्रसाद चतुर्वेदीसँगको कुराकानीका आधारमा लेखिएको हो।

प्रमाणित भएको) जेलमा छन् भने स्वामी यादव सहित ९ जना फरार छन् । उमा सिंहको हत्याको मुख्य कारण हुर्मी बजारको १२ कट्ठा जग्गा (जुन आमाले उमाको नाममा नामसारी गराएकी थिइन्) र निकट भविष्यमै हुन लागेको उनको विवाह (जसले उमा सिंहको नामको जग्गा उनकी भाउजू ललिताको नाममा आउने सम्पूर्ण ढोका बन्द गर्दै थियो) थिए । पत्रकारितामा संलग्न रहेको कारण उनको हत्या भएको कहीँ कतैबाट देखिँदैन भन्ने प्रहरीको भनाइ छ ।

यस सम्बन्धमा मुद्दा अदालतमा जारी छ । अदालती निर्णय आउनुअघि केही भनी हाल्न मिल्दैन । तर उमा सिंहको हत्यालगत्तै जसरी उनको हत्या माओवादीले गरेका हुन् र पत्रकारिताकै कारण हत्या भएको भनी व्यापक चर्चा गरिएको थियो हो, त्यो चाहिँ सत्य देखिँदैन । उनको हत्यामा कुनै तहको माओवादी कार्यकर्ताको संलग्नता पनि होला, तर त्यो व्यक्तिगत सम्बन्ध र स्वार्थका कारणले मात्रै देखिन्छ ।

## *चौतर्फी सम्बन्ध र चर्चा पाउने लोभ*

उमा सिंहको हत्या भएकै दिन जनकपुरकी *कान्तिपुर* संवाददाता मनिका झालाई ज्यान मार्ने धम्की आउनुको कारण रहस्यमय छ । उनी न त धेरै समाचार लेख्ने पत्रकार हुन्, न त उनले कुनै खोजमूलक लेख नै लेखेको पाइन्छ । फेरि उनीमाथि आएको धम्कीको पुष्टि स्वतन्त्र रूपमा हुन सकेको पनि छैन । यस सम्बन्धमा जनकपुरका कतिपय सक्रिय पत्रकारहरूसँग जिज्ञासा राख्दा यसलाई उनीहरूले अस्वाभाविक घटना बताए । यो आफूलाई चर्चामा ल्याउनको लागि रचिएको नाटकीय घटना पनि हुन सक्छ अथवा उमाका हत्याराहरूद्वारा छानबिनलाई मोड्ने प्रयासले रचिएको प्रपञ्च पनि हुन सक्छ भन्ने धेरैको अनुमान थियो ।

उमा सिंहकै घटनासँग सम्बन्धित छ सिरहाका पत्रकार राजेश वर्मा[३] लाई आएको धम्की । वर्माका अनुसार उमा सिंह उनको साथी थिइन् र सिरहाको *दृष्टिकोण* साप्ताहिक पत्रिकामा पनि लेख्ने गर्थिन् । सिंहको हत्यापछि पत्रकार वर्माले त्यस घटनाबारे विशेष चासोपूर्वक छानबिन गरी केही रिपोर्टहरू त्यही पत्रिकामा छापेका थिए । ती रिपोर्टहरू प्रकाशन भएकै कारण उनलाई धम्की आएको वर्माको दाबी छ ।[४] तर स्थानीय पत्रकारलगायतका अन्य पेशाकर्मीहरू त्यो मान्न तयार छैनन् । स्थानीय एक कर्मचारीका अनुसार सिरहाका पत्रकारहरूको विभिन्न पेशेवर एवं व्यापारिक

---

[३] उनी काठमाडौँबाट प्रकाशित हुने *अन्नपूर्ण पोष्ट*को सिरहा संवादवाता पनि थिए ।

[४] राजेश वर्मासँगको कुराकानी ।

समूहहरूसँग पनि साँठगाँठ समग्र पत्रकारहरूलाई एक वा अर्को समूहको नजिक देख्ने र एक वा अर्को समूहबाट धम्की दिने चलन त्यहाँ नौलो होइन। त्यही मेसोमा पत्रकार वर्मामाथि पनि त्यस्तो धम्की आएको हुन सक्छ। त्यसैले होला वर्मा लामो समयअघि देखि काठमाडौँ सरुवा हुन चाहन्थे।[५] यी घटनाहरूपछि नेपाल पत्रकार महासङ्घको मिसन टोली तराई-मधेस क्षेत्र गएको थियो। सिरहा पुगेको टोलीले राजेश वर्मालाई काठमाडौँ ल्याएको थियो। उमा सिंहको घटनापछि उनी काठमाडौँको कार्यालयमा कार्यरत छन्।

उमा सिंहको हत्याको केही दिनपछि सप्तरीका *कान्तिपुर* संवाददाता जितेन्द्र खडगालाई पनि जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति) समूहबाट ज्यान मार्ने धम्की आएको थियो। यस पटकको कारण चाहिँ समाचार प्रकाशन अवश्य थियो तर त्यससँगै अन्य कारण पनि जेलिएका थिए।

पत्रकार खडगाका अनुसार राजनमुक्ति समूहका केही व्यक्तिहरू त्यस समूहमा प्रवेश गर्नु अगाडि उनको सम्पर्कमा थिए। जनकपुर बस्ने ती व्यक्तिहरू यदाकदा *राजविराज टुडे*का लागि लेख रचना पनि पठाउने गर्दथे। त्यतिबेला खडगा *राजविराज टुडे*का सम्पादक पनि थिए। ती व्यक्तिहरूका केही लेख *राजविराज टुडे*मा छापिएका पनि थिए। सञ्जय झा (परिवर्तित नाम, जो राजविराज निवासी हुन् र जनकपुर बस्दै गर्दा राजनमुक्ति समूहमा प्रवेश गरेका थिए) ले एक पटक एउटा लेख पठाउँदा *राजविराज टुडे*मा छापिएन। त्यसपछि ती सञ्जय झाले कैयौँ पटक फोन गरेर खडगालाई लेख छापिदिन अनुरोध गरेका थिए। तर लेख छाप्नयोग्य नभएकाले उनको फोन आउँदा खडगाले उठाउनै छोडेका थिए। खडगाका अनुसार, त्यसको केही दिनपछि सञ्जय झाले राजनमुक्ति समूह प्रवेश गरेका थिए। दुई/तीन वर्ष उक्त समूह सक्रिय रहँदासम्म सञ्जय झा र जितेन्द्र खडगाबीच कुनै सम्पर्क भएन।[६]

तर जब यस समूह र सरकारबीच वार्ता प्रक्रिया सुरु भयो, राजनमुक्ति समूहका केही नेताहरू (सञ्जय झा सहित) राजविराज पुगेका थिए। उनीहरू फर्किने क्रममा स्थानीय व्यापारीहरूद्वारा निकालिएको जुलुससँग उक्त समूहको जम्काभेट हुनपुगेको थियो। अन्य गाडीहरू प्रहरी स्कटिङका कारण अगाडि निस्किन सफल भए पनि त्यही लहरमा रहेको सबैभन्दा पछाडिको एक गाडीमाथि स्थानीय व्यापारीहरूद्वारा आक्रमण भएको थियो। सोही विषयमा *कान्तिपुर*का

---

५ नाम उल्लेख नगर्ने शर्तमा सिरहामा कार्यरत एक सरकारी अधिकृतद्वारा व्यक्त भनाइ।

६ यो र यसपछिको एक अनुच्छेद जितेन्द्र खडगासँग गरिएको कुराकानीमा आधारित छ।

लागि खडगाले समाचार लेखेका थिए । 'चन्दा आतङ्कविरुद्ध व्यापारीहरू' शीर्षकमा *कान्तिपुर*मा प्रकाशित उक्त समाचारप्रति आपत्ति जनाउँदै राजन मुक्ति समूहले उनलाई ज्यान मार्ने धम्की दिएको थियो । यस्तै शीर्षकमा यसबारेका समाचार अन्य पत्रिकाहरूमा पनि छापिएका थिए । एभिन्यूज टेलिभिजनले त राजन मुक्ति समूहको गाडीमाथि व्यापारीहरूको जुलुसद्वारा गरिएको आक्रमणको श्रव्यदृश्य नै देखाइएको थियो । तर धम्की उनलाई मात्रै आयो । पत्रकार खडगा स्वयं *कान्तिपुर*मा छापिएको समाचारका कारण मात्रै आफूमाथि धम्की आएको मान्दैनन् । सञ्जय झासँगको पुरानो कटु सम्बन्ध नै प्रमुख कारक रहेको उनको ठहर छ । यसप्रकार विभिन्न कामका सिलसिलामा भएका सम्बन्धका कारण पनि पत्रकारमाथि यस्तो भएको छ ।

## समाचारमा लापर्वाही

मधेसको पत्रकारितामा द्वन्द्व चर्काउनमा काठमाडौँका पत्रकारहरूको प्रवृत्ति पनि केही जिम्मेवार छ । पहाडी क्षेत्रभन्दा यातायात एवं सञ्चार साधनको सहज पहुँच हुने ठाउँ हो मधेस । तसर्थ काठमाडौँबाट निस्किने पत्रपत्रिकाको प्रमुख बजारमध्येमै पर्छन् तराईका बजारहरू पनि । तर नेपालको पत्रिकासँग मधेसी समुदायको ठूलो गुनासो छ । उनीहरूको भनाइमा काठमाडौँ केन्द्रित पत्रपत्रिकाले मधेसी समाजको वास्तविक समस्यालाई बुझ्दै नबुझी रिपोर्टिङ गर्छ र नकारात्मक पक्षलाई मात्रै उचाल्ने काम गर्छ । यही कारण तराई-मधेस क्षेत्रमा बारम्बार विभिन्न सञ्चार गृह र पत्रकारमाथि आक्रमण पनि हुने गर्दछ । यस्ता अनगिन्ती उदाहरणहरू छन् ।

वि.सं. २०५२/५३ तिर राजविराजको एउटा घटनालाई उल्लेख गर्नु बढी सान्दर्भिक हुन्छ । त्यस बेला राजविराजस्थित राष्ट्रिय समाचार समिति (रासस) का समाचारदाता सोमनाथ लामिछाने थिए । उनले कुनै एक अपुष्ट तथ्याङ्कलाई आधार बनाएर एउटा समाचार सम्प्रेषण गरेका थिए । सप्तरी जिल्लाको हरेक चार घरमध्ये एक घरमा बुहारीलाई ससुराले यौन शोषण गर्छन् भन्ने उक्त समाचारको सार थियो । लामिछानेले त्यस समाचारमा अञ्चल सरकारी वकिल युवराज सुवेदी एवं एसएसपी वसन्तराज कुँवरको भनाइ पनि राखेका थिए । राससद्वारा सम्प्रेषित यस समाचारलाई काठमाडौँका सबैजसो छापा माध्यमहरूले प्राथमिकताका साथ स्थान दिएर छापेका थिए । पत्रपत्रिकाहरू राजविराज पुगेपछि त्यसको विरुद्ध ठूलो आन्दोलन भएको थियो । आन्दोलन यसरी चर्किंदै गयो कि नेपाल पत्रकार महासङ्घ सप्तरी शाखाले विज्ञप्तिमार्फत क्षमायाचना गर्दा पनि

अवस्था नियन्त्रणमा आउन सकेन । सरकारी वकिल र रासस प्रतिनिधि दुवैले रातारात जिल्ला छोडेर जानुपरेको थियो । त्यति हुँदा पनि साम्य नभएपछि काठमाडौँबाट गृह मन्त्रालयका श्रीकान्त रेग्मीको अध्यक्षतामा एक छानबिन समिति नै गठन गर्नुपरेको थियो । त्यसपछि एसएसपी वसन्त कुँवर सहित सरकारी वकिल र रासस प्रतिनिधि सबैको सरुवा भएपछि आन्दोलन साम्य भएको थियो । उक्त घटनालाई सप्तरीबासीले आफ्नो अस्मितामाथिको आक्रमणको रूपमा लिएको हुनाले यस्तो आन्दोलन भएको हो ।[७]

त्यस्तै अर्को घटना, केही वर्षअघि राजविराजका चिकित्सक डा. मुरलीप्रसाद सिंहको अपहरण भएको थियो । यस घटनाबारे *राजधानी* दैनिकमा समाचार छापिएको थियो र यसलाई सुनसरीका *राजधानी* संवाददाताले पठाएका थिए । सो समाचारलाई इमेज एफएमको बिहानको एक कार्यक्रम (जसमा पत्रपत्रिकामा प्रकाशित समाचार पढ्ने गरिन्छ) मा वाचन गरिएको थियो । समाचारमा डा. सिंहको अपहरण गोइत समूहले गरेको उल्लेख थियो । यसपछि गोइत समूह इमेज एफएमप्रति आक्रोशित बन्यो । इमेज एफएमले यो समाचार त पढ्यो तर स्रोत खुलाएन । वास्तवमा उक्त अपहरणमा गोइत समूह संलग्न नभएर भारतीय अपराधी धीरेन्द्र यादवको समूह संलग्न थियो । त्यसै कारण गोइत समूहले आफ्नो बदनामी भएको ठानेर प्रेस नोट जारी गरेको थियो । प्रेस नोटमा इमेज च्यानलका सम्पूर्ण संवाददाता (जो तराई क्षेत्रमा कार्यरत छन्) लाई सफाया गर्ने उल्लेख थियो । गोइत समूहको उक्त विज्ञप्ति आएलगत्तै सबै आश्चर्यचकित बने । पछि बुझ्दै जाँदा सबै तथ्यहरू खुले र नेपाल पत्रकार महसङ्घका तत्कालीन महासचिव महेन्द्र विष्टको अग्रसरतामा गोइत समूहका उच्चतहका नेताहरूसँग संवाद गरी यस घटनालाई सामसुम पारिएको थियो । तराई क्षेत्रका संवेदनशीलतालाई काठमाडौँले नबुझिदिँदा यस्ता समस्याहरू आउने गरेको पत्रकार शिवहरि भट्टराई बताउँछन् ।[८]

काठमाडौँका सञ्चारमाध्यममा तराई विषयवस्तुले स्थान पाउन समाचारमा यस्तै केही विशेष हुनु पर्छ । अन्यथा त्यसले पाउँदैन । तसर्थ ती सञ्चारमाध्यमका स्थानीय संवाददाता (अधिकांश स्ट्रिन्जर) ले पनि समाचारलाई बढाइचढाइ गरी समाचार पठाउँछन् । अचेल स्थानीय मिडियामा धेरैजसो सिकारु पत्रकारहरू काम गर्छन् । त्यसको प्रमुख कारण चाहिँ कम पारिश्रमिकमा जनशक्ति उपलब्ध हुनु हो । प्रायजसो त्यस्ता पत्रकारहरूले कुनै पनि समाचारलाई पुष्टि नगरिकन

---

[७] शिवहरि भट्टराईसँगको कुराकानी ।

[८] भट्टराईसँगको कुराकानी ।

पनि छिटो हुने हतारमा पठाइहाल्छन् । त्यस कारण पनि सामान्य कुराले परिस्थितिलाई असामान्य बनाइदिन्छ र द्वन्द्व निम्त्याउँछ ।

साँचो समाचार मात्रै लेख्छु भन्ने पत्रकार पनि धम्कीको सिकार बन्ने अवस्था छ यस क्षेत्रमा । यहाँ सशस्त्र समूहसँगको सम्पर्कका कारण मात्र ती समूहहरूको समाचार पाउन सकिने र त्यस्तो समाचारको स्थानीय एवं केन्द्रीय दुवै स्तरमा महत्त्व हुने भएकोले सुरुसुरुमा यस भेगका पत्रकारहरू सशस्त्र समूहसँग सम्बन्ध राख्न लालयित हुन्थे । ती समूहहरूसँग नजिक हुने पत्रकारहरूको सामाजिक महत्त्व पनि बढेको थियो । त्यसको कारण चाहिँ कुनै व्यक्तिको अपहरण अथवा धम्की आयो भने त्यस्ता खालका पत्रकारहरू मध्यस्थता गर्नमा समेत संलग्न हुन्थे । त्यसकारण पनि सुरुसुरुमा धेरै पत्रकारहरूले सशस्त्र समूहहरूसँग सम्बन्ध बढाउन खोजे । तर मध्यस्थता गर्दा वा सम्बन्ध भइसकेपछि सशस्त्र समूहको रुचिअनुसारको कुनै समाचार नछापिदिँदा वा उनीहरूको विरुद्धमा समाचार छापिँदा पूर्वसम्पर्कका कारण ती पत्रकारहरूलाई धम्क्याउन सजिलो भयो । त्यसैले साँचो समाचार लेखेर पनि सुख नपाइने अवस्था सिर्जना भएको छ ।

## स्थानीय अन्तरद्वन्द्व

खास गरी सप्तरी एवं जनकपुर क्षेत्रमा राजनीतिक रूपमा समाज यति ज्यादा विभाजित छ कि कुन कुरा राजनीतिक र कुन कुरा गैरराजनीतिक भनी छुट्ट्याउनै गाह्रो छ । पहिला पहिला पञ्चायत कालमा स्थानीय समाज मूलतः पञ्चायत पक्षीय र विरोधी खेमामा विभाजित थियो । प्रजातन्त्र पुनर्स्थापनापछि काँग्रेस र कम्युनिस्टमा विभाजित भयो । पछिल्लो अवधिमा मधेसवादी दल र गैर मधेसवादी दलको रूपमा त्यस क्षेत्रको समाज विभाजन हुन थालेको पाइन्छ ।

समाजमा राजनीति ज्यादा हुन थालेपछि पेशागत सङ्घ सङ्गठनहरू पनि त्यसबाट अछूतो हुँदैनन् । यसको गतिलो उदाहरण मिथिला क्षेत्रको पत्रकारिता पनि हो । राजनीतिक विभाजन सँगसँगै जातीय विभाजनका सङ्केतहरू पनि देखा पर्न थालेका छन् यस क्षेत्रको पत्रकारितामा ।

राजा ज्ञानेन्द्रले 'कू' गरेपछि टङ्क ढकाल सञ्चार मन्त्री भएका थिए । उनको सक्रियतामा देशभरि राष्ट्रवादी पत्रकार समाज गठन भएको थियो । त्यही क्रममा राजविराजमा शिशु देवकोटा, मुक्तिनाथ मण्डल, वैधनाथ यादव सहितका पत्रकारहरूको अगुवाइमा राष्ट्रवादी पत्रकार समाज गठन भएको थियो । राजाको शासन कालमा टङ्क ढकाल राजविराज जाँदा नेपाल पत्रकार महासङ्घ, सप्तरी शाखाका तत्कालीन सभापति शम्भु झाले स्वागत गरेका थिए । त्यति बेला झा

रेडियो नेपाल र *गोरखापत्र* दुवैका सप्तरी संवाददाताका रूपमा क्रियाशील थिए । तर राजाको शासनपछि नेपाल पत्रकार महासङ्घ, सप्तरी शाखाले राष्ट्रवादी पत्रकार समाजमा लागेकाहरूलाई कारबाही गर्‍यो । यसमा शिशु देवकोटा, मुक्तिनाथ मण्डल लगायतका पत्रकारहरू पनि परे ।

पछि गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भएको बेला गृहमन्त्री कृष्ण सिटौला राजविराज भ्रमणमा जाँदा नेपाली काँग्रेसद्वारा आयोजित पत्रकार सम्मेलनमा राष्ट्रवादी समूहका पत्रकारहरूलाई प्रवेश निषेध गराइएको थियो । पत्रकार वैधनाथ यादव प्रश्न गर्छन्, "मलाई राजावादी/राष्ट्रवादीको आरोप लगाउनेहरूले राजाकालका सञ्चारमन्त्री टङ्क ढकाललाई स्वागत गर्ने तत्कालीन सभापति र अन्य पत्रकारलाई किन कुनै कारबाही गरेनन् ?"[९] स्थानीय पत्रकारहरूका अनुसार सानो ठाउँ भए पनि राजविराजमा पत्रकारहरू अत्यन्त विभाजित छन् । पहिला पहिला पार्टीगत र अहिले जातीय आधारमा विभाजित पत्रकारहरू पेशागत क्षमता अभिवृद्धितर्फ भन्दा आन्तरिक विवादमा ज्यादा रुमलिएको पाइन्छ ।

कथा धेरै फरक पाइँदैन जनकपुरमा पनि । त्यहाँ पनि जातीय र दलीय दुवै प्रकारका विभाजनका रेखा देखा पर्छन् । स्थानीय *जनकपुर टुडे* पत्रिका र रेडियो टुडे, एवं *मिथिला डटकम* पत्रिका र रेडियो मिथिला नेपाली काँग्रेस नजिक मानिन्छ । त्यस्तै रेडियो जनकपुर र *जनकपुर एक्सप्रेस* दैनिकमा एमाले निकट रघुवीर महासेठ लगायतका व्यक्तिहरूको लगानी रहेको छ र यसले साह (जातीय) समूहलाई बढी प्रश्रय दिने गरेको बताइन्छ । त्यस्तै वृषेशचन्द्र लालको स्वामित्वमा रहेको जानकी एफएम एवं डा. विजयकुमार सिंहको स्वामित्वमा रहेको जनकपुर एफएम दुवैले तराई मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) को पक्षपोषण गर्ने गरेको जनकपुरियाहरूको बुझाइ छ ।

यी विभाजनका रेखाहरूले द्वन्द्वका सम्भावनाका नागवेली नक्सा कोरिदिएका छन् । विभिन्न गुट र उपगुटमा विभक्त पत्रकारहरूबीच एकले अर्कालाई घुमाउरो बाटोबाट पछार्ने खेल भई नै रहन्छ ।

## आर्थिक एवं राजनीतिक पक्ष

स्वाभाविक रूपमा यस क्षेत्रमा पत्रकार, पत्रिका, एफएम रेडियो सबैको अलगअलग अर्थ राजनीति छ । जिल्ला प्रशासन कार्यालयहरूको तथ्याङ्कअनुसार धनुषामा जम्मा १५५ र सप्तरीमा ५३ ओटा पत्रिकाहरू दर्ता छन् । उल्लिखित सङ्ख्यामा

[९] वैधनाथ यादवसँग गरिएको कुराकानी ।

कसै कसैको नाउँमा दुइटा, तीनोटा पत्रिका दर्ता भएको पाउनु सामान्य कुरा हो। जनकपुरमा रविन्द्र साहको नाममा छ ओटासम्म पत्रिका दर्ता रहेको छ। विज्ञापनको खासै बजार नभएको र पत्रिका बिक्रीबाट पनि पैसा खासै नआउने ठाउँमा दिनानुदिन पत्रिका र पत्रकारको सङ्ख्या वृद्धि हुनु भने अनौठो नै छ। यसको कारण सोध्दा नाम उल्लेख नगर्ने सर्तमा एक पत्रकार भन्छन् :

> यहाँ लेख्नेभन्दा नलेख्ने पत्रकारले बढी पैसा कमाउँछन्। प्रायजसो पत्रकारहरूले नै पत्रिका दर्ता गराउनुको कारण चाहिँ सूचना विभागबाट दिइने रकम हो। लगभग १० देखि १२ हजार रुपियाँ बराबरको रकम पाउने एउटा पत्रिकाको छपाइ खर्च (केवल सूचना विभागमा पुऱ्याउनका लागि) एक चौथाइ मात्र लाग्दो रहेछ। प्रति महिना सात, आठ हजार रुपियाँ बच्नु भनेको एउटा जागिर सरह नै हुँदो रहेछ। त्यसैले यस क्षेत्रमा पत्रिकाको सङ्ख्या ज्यादा देखिएको हो।

वीरगञ्ज र विराटनगरका केही पत्रकारहरू पत्रकारितालाई माध्यम बनाई कमाइको धन्दामा लागेका छन् भन्ने आरोप क्रमशः सुजीत महत र सरस्वती कार्कीले लगाएका छन् (महत २०६४ र कार्की २०६५)। जनकपुर र राजविराजको पत्रकारितामा पनि यस्तो प्रवृत्ति देखिइसकेको छ। पत्रकारहरूले स्थानीय सरकारी कर्मचारी, व्यापारीसँग रकम माग्ने गरेको समेत पाइन्छ। स्थानीय सरकारी कर्मचारी, व्यापारी पनि आफ्नो विपक्षमा समाचार नआओस् भन्ने ध्येयले पत्रकारलाई पैसा दिन्छन्। विशुद्ध पत्रकारिता मात्रै गरेर जीवन यापन गर्ने पत्रकार अत्यन्तै थोरै छन्। यस सँगसँगै अन्य विभिन्न थरी पेशामा उनीहरूको संलग्नता छ। यसले उनीहरूको पत्रकारिता जीवनमा विभिन्न जटिलता पनि साथै ल्याइदिन्छ।

जनकपुर क्षेत्रमा पैसावाल व्यापारीहरूले पत्रिका एवं एफएम रेडियो दुवैमा लगानी गरेका छन्। स्थानीय पत्रकारहरूका अनुसार उनीहरूमध्ये केहीको उद्देश्य त्यहाँबाट आम्दानी उपार्जन गर्नुभन्दा पनि राजनीतिक हैसियत बनाउनु र आफ्नो सम्पत्तिको स्रोत देखाउनु हो। राजनीतिमा आफ्ना प्रतिद्वन्द्वीले कुनै एउटा पत्रिका वा एफएम स्टेसन खोल्यो भने त्यसको इर्ष्यामा अरूले पनि खोल्ने गरेको समेत पाइन्छ। तर त्यसमा कुनै व्यापारीको लगानी हुनुको पछाडि उनीहरूलाई चाहिएको राजनीतिक संरक्षण नै मुख्य कारण हो। नेता र व्यापारी दुवैको आ-आफ्नै स्वार्थका कारण सञ्चारगृहहरू खुल्ने गरे पनि सञ्चारकर्मीहरू चाहिँ फाइदामा नै रहने गरेको पत्रकारहरू स्वीकार्छन्।

जनकपुरमा एक काँग्रेसी नेताको सहयोग र केही स्थानीय व्यापारीहरूको लगानीमा *जनकपुर टुडे* नामको दैनिक पत्रिका खुलेपछि त्यसको लगत्तै एक

एमाले नेता र तिनका केही व्यापारीहरूको लगानीमा *जनकपुर एक्सप्रेस* नामक अर्को दैनिक पत्रिका खुलेको हो । केही पत्रिकाहरू विशुद्ध रूपमा गैरसरकारी संस्थाको सहयोगमा प्रकाशन भइराखेका पनि छन् । जनकपुरबाट प्रकाशित *तराई टाइम्स* त्यसको प्रत्यक्ष उदाहरण हो । केही सञ्चारगृह सरकारी सुविधा र अनेक थरीका विज्ञापनमा मात्र आश्रित पनि रहेका छन् । जनकपुरको जागरण मिडिया हाउसले प्रकाशन गर्ने झण्डै आधा दर्जन पत्रिका त्यसैको प्रमाण हुन् ।

जनकपुर क्षेत्रमा एफएम स्टेसनहरू खुल्नुको कारणमा पनि उही राजनीतिक प्रतिद्वन्द्वीहरूबीचको स्पर्धा अगाडि आउँछ । एमाले नेताहरूको लगानीमा *जनकपुर एक्सप्रेसकै* समूहले रेडियो जनकपुर नामक एफएम स्टेसन दर्ता गराएपछि त्यति बेला मधेसी जनअधिकार फोरमका नेता डा. विजय सिंह (हाल तमलोपाका नेता) ले जनकपुर एफएम खोले । उल्लिखित दुइटै एफएम स्टेसन खुल्ने भएपछि नेपाली काँग्रेसकै अर्का एक नेताको संलग्नतामा व्यापारी विश्वनाथ साहको अगुवाइमा रेडियो मिथिला नामक एफएम स्टेसन खुल्यो । त्यस बेला यी सबैभन्दा फरक राजनीतिक धारमा रहेका वृषेशचन्द्र लालले जानकी एफएम खोले । पछि गएर रेडियो मिथिला समूहमा विवाद उत्पन्न भएपछि रेडियो टुडे पनि नयाँ स्टेसनको रूपमा थपियो । सबैभन्दा पछि खुलेका मिथिलाञ्चल एफएम र जनकपुर सिटी एफएम भने कुनै राजनीतिक विवाद वा प्रतिशोधभन्दा पनि केही खास युवाहरूले खोलेको मानिन्छ ।

उल्लिखित जनकपुरीया एफएम स्टेसनहरूमा समाचार पस्किने क्रममा पनि लगानीकर्ताहरूको प्रभाव देखिन्छ । रेडियो जनकपुरले एमालेको समाचारलाई प्राथमिकता दिन्छ भने रेडियो टुडेले नेपाली काँग्रेसको समाचारलाई । त्यस्तै जनकपुर एफएम र जानकी एफएमले तमलोपाको समर्थन र अन्यको विरोधलाई प्राथमिकता दिन्छन् ।

राजविराजको अवस्था पनि धेरै फरक छैन । हालै खुलेको भुरुकवा एफएममा माओवादी निकट यादव समुदायको बहुलता रहेको छ भने त्यसको लगत्तै खुलेको छिन्नमस्ता एफएममा गैरमाओवादी र गैरयादव समुदायको बहुलता छ । समाचार प्रसारणमा तिनको पक्षधरता स्पष्टसँग झल्कन्छ ।

## निष्कर्ष

मिथिला क्षेत्रमा पत्रकारितामा असुरक्षाको सघन बादल मडारिइरहेको छ तर यस्तो बादल हटाउन कतैबाट खासै पहल हुन सकेको छैन । प्रेस स्वतन्त्रताको आलाप रटेर मात्रै यो समस्याको समाधान कदापि हुँदैन । पत्रकारितासँग जोडिएका

सामाजिक स्वार्थ सम्बन्धलाई पन्छाएर होइन, तिनलाई पनि तानेर बहस गरिनु आवश्यक छ (गौतम २०६५) । आपसमा विद्यमान विभाजनका घेरालाई तोड्नु यस क्षेत्रका पत्रकारको अर्को चुनौती हो । स-साना स्वार्थका विभिन्न गुट र उपगुटमा पत्रकारहरू विभक्त हुँदा पत्रकारिता जगत नै कमजोर हुन्छ । वैचारिक विविधता हुनु स्वाभाविक हो तर त्यसले आपसमा द्वन्द्व बढाउँछ र भौतिक क्षति पार्छ भने यसलाई निराकरण गर्नै पर्छ । पत्रकारिता पेशा जोखिमपूर्ण छ, यसमा विवाद छैन । तर जोखिम समाजमा अन्य क्षेत्रमा पनि छ । सबैखाले असहज परिस्थितिलाई प्रेसमाथिको आक्रमणका रूपमा चित्रण गर्दा अन्ततोगत्वा हानि पत्रकारिता जगतलाई नै हुन्छ । यस्तो समस्याबाट मिथिलाको पत्रकारिता मात्रै पीडित भएको भने होइन । यो रोग सिङ्गो देशकै पत्रकारिताको हो ।

दक्ष जनशक्तिको प्रवेश गराउने, भइरहेकालाई दक्ष बनाउने काम यस क्षेत्रको पत्रकारिताको अर्को मुख्य चुनौती हो । त्यसका लागि तालिमको खाँचो निर्विवाद छ । यस पेशालाई सकारात्मक दिशामा लैजान पत्रकारले नै नक्कली पत्रकारको पहिचान गरी तिनलाई एक्ल्याउनु जरुरी छ । अन्यथा सिङ्गो पत्रकारिता जगत नै बदनाम हुने खतरा छ ।

## सन्दर्भ सामग्री


उप्रेती, रवीन्द्र । २०६६ । त्राससँगै सुरक्षा निकायप्रति आक्रोश । *कान्तिपुर,* १९ फागुन, पृ. १६ ।

कार्की, सरस्वती । २०६५ । पैसामुखी पत्रकारिता : विराटनगरको अनुभव । *मिडिया अध्ययन ३* : २७७-२९२ ।

गौतम, भास्कर । २०६५ । प्रेस स्वतन्त्रताको व्यावसायिक र राजनीतिक सन्दर्भ । *मिडिया अध्ययन ३* : २९-५८ ।

घले, खिम । सन् २००७ । मधेस र जनजाति आन्दोलनमा नेपाली प्रेस । *प्रेस स्वतन्त्रता : लोकतन्त्रको एक वर्ष* । बलराम बानियाँ, सं., पृ. १०३-११८ । काठमाडौं : नेपाल पत्रकार महासङ्घ ।

महत, सुजित । २०६४ । वीरगञ्जको पत्रकारिता : नामभन्दा बदनाम बढी । *मिडिया अध्ययन २* : १९५-२५० ।

साह, तुलानारायण । २०६६ । व्यक्ति हत्याका भित्री कारण । *नेपाल,* १० जेठ, पृ. १४ ।

IFJ. 2009. IFJ Demands Justice for Uma Singh and End to Impunity in Nepal. Unpublished report.